'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न बिर्सन्छौं ।' - मदर टेरेसा

रुकुमको लोकप्रिय पत्रिका

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

वार्षिक ग्राहक शुल्क १०००

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालबाट 'क' वर्गमा वर्गिकृत

राष्ट्रिय साप्ताहिक

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सम्पर्कको लागि :

९८५१२३६७१३,९८४७८७६७१३

Email-rekhadekh@gmail.com


वर्ष ९ अंक २६ रुकुम २०८० जेठ २२ सोमबार 5 June 2023 Monday पृष्ठ ४



**कथा: विदेशी श्रीमानको पत्र !**

प्रिय म प्रदेशमा छु। तिम्रो खुसी, आमाको च्यातिएको चोली, बालबच्चाको भविष्य, बुवा विरामी हुँदा काँडेर औषधी गर्दाको ऋण र चुहिने घरको छाना फेर्नुछ।


२



**शिक्षक लाइसेन्सको परीक्षामा सबै सहभागी**

आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत् सरकारले सबैलाई शिक्षक लाइसेन्सको परीक्षामा सहभागी हुने बाटो खोल्ने घोषणा गरेको छ।

३



**सेक्युरिटी गार्डको काम गर्दै रोबोट,**

अहिलेसम्म रोबोटले होटल तथा रेष्टुरेन्टमा वेटरको काम गरेका वा एयरपोर्टमा आगन्तुकको स्वागत गरेका समाचार हामीले पढेका थियौं।

४

### आगामी आर्थिक वर्ष २०८०/०८१ मा

# रूकुम पश्चिममा झण्डै साढे २ अर्ब बजेट

**■ रेखदेख संवाददाता**
**रूकुम पश्चिम**

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँ बजेट बिनियोजन गरेको छ। गत जेठ १५ गते नेपाल सरकारका अर्थमन्त्री डा.प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/०८१ बजेट प्रस्तुत गरेका हुन्। सरकारले खर्च कटौतीको योजनासहित बजेट ल्याएको बताएको छ । सरकारले चालू आर्थिक वर्ष २०७९/८० को भन्दा ४२ अर्ब कम बजेट प्रस्तुत गरेको छ। चालु आर्थिक वर्ष २०७९/०८० मा नेपाल सरकारले १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रूपैयाँ बराबरको बजेट ल्याएको थियो। अर्थमन्त्री डा. प्रकाश शरण महतले आर्थिक वर्ष २०८०/८१ को बजेट संसदमा प्रस्तुत गर्दै चालु तर्फ ११ खर्ब ४१ अर्ब ८८ करोड (६५.२० प्रतिशत) पुँजीगततर्फ ३ खर्ब २ अर्ब ७ करोड (१७ प्रतिशत), वित्तिय व्यवस्थापन तर्फ ३ खर्ब २ अर्ब ७ करोड अर्थात १७.२५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ३ खर्ब ७ अर्ब ४५ करोड अर्थात १७.५५ प्रतिशत रहेको छ। यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा २.३७ प्रतिशतले कम र संशोधित अनुमानको तुलनामा १.३७ प्रतिशतले बढी हो।

**रुकुम पश्चिममा झण्डै साढे २ अर्ब बजेट**

रुकुम पश्चिम जिल्लामा आगामी आर्थिक वर्षमा झण्डै साढे २ अर्ब बजेट विनियोजित गरेको छ। रुकुम पश्चिमका ६ वटा स्थानीयतहमा आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि रु.२ अर्ब २२ करोड ६३ लाख रुपैयाँ विनियोजित गरेको छ। जसमा समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान शिर्षकमा उक्त परिमाणको बजेट जिल्ला आउने भएको हो। चालू आर्थिक वर्ष २०७९/०८० को तुलनामा आगामी आर्थिक वर्ष २०८०/०८१ मा रु. ४१ करोड कम बजेट जिल्लामा आउने भएको छ । चालू आर्थिक वर्ष २०७९/०८० मा रुकुम पश्चिमका ६ वटा स्थानीयतहरुमा २ अर्ब २६ करोड ७४ लाख बजेट जिल्लामा आएको थियो । तीन नगरपालिका र तीन गाउँपालिका रहेको रुकुम पश्चिममा सबै भन्दा बढी बजेट मुसीकोट नगरपालिका र सबैभन्दा कम बजेट बाँफिकोट गाउँपालिकाको लागि विनियोजन गरिएको छ। मुसीकोट नगरपालिकाले आगामी वर्षका लागि संघीय सरकारबाट कुल रु. ४९ करोड १ लाख रुपैयाँ पाउने छ। त्यस्तै आठबीसकोट नगरपालिकाका लागि रु.३८ करोड ७३ लाख, चौरजहारी नगरपालिकाका लागि ३७ करोड ५३ लाख, त्रिवेणी गाउँपालिकाका लागि ३३ करोड ३४ लाख, सानीभेरी गाउँपालिकाका लागि ३२ करोड २५ लाख र बाँफिकोटले ३१ करोड ७७ लाख रुपैयाँ विनियोजन गरिएको अर्थ प्रस्तुत गरेको बजेटमा उल्लेख गरिएको छ। चालु आर्थिक वर्षमा रुकुम पश्चिमको मुसीकोटमा नगरपालिकामा सबैभन्दा वढी बजेट पठाएको थियो। भने सबैभन्दा कम बजेट बाँफिकोट गाउँपालिकामै रहेको थियो। चालु वर्षका लागि संघीय सरकारले मुसीकोटमा ५४ करोड ८४ लाख, आठबीसकोटमा ३८ करोड ३५ लाख, चौरजहारीमा ३७ करोड ७० लाख, त्रिवेणीमा ३३ करोड ४२ लाख, सानीभेरीमा ३१ करोड २३ लाख र बाँफिकोटमा ३१ करोड २० लाख बजेट विनियोजन गरेको थियो।

| क्र.स. | रुकुम पश्चिमका स्थानीय तहको नाम | रुकुम पश्चिम चालू र आगामी आर्थिक वर्षको बजेट विवरण | |
|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ |
| १ | मुसीकोट नगरपालिका | ५४ करोड ८४ लाख | ४९करोड १ लाख |
| २ | आठबीसकोट नगरपालिका | ३८ करोड ३५ लाख | ३८ करोड ७३ लाख |
| ३ | चौरजहारी नगरपालिका | ३७ करोड ७० लाख | ३७ करोड ५३ लाख |
| ४ | त्रिवेणी गाउँपालिका | ३३ करोड ४२ लाख | ३३ करोड ३४ लाख |
| ५ | सानीभेरी गाउँपालिका | ३१ करोड २३ लाख | ३२ करोड २५ लाख |
| ६ | बाँफीकोट गाउँपालिका | ३१ करोड २० लाख | ३१ करोड ७७ लाख |
| स्रोत : नेपाल सरकार अर्थ मन्त्रालय | | | |

# बजेटमा बढेन वृद्धवृद्धा भत्ता : ४ हजार निरन्तरता



**■ रेखदेख संवाददाता**
**मुसीकोट**

नेपाल सरकारले यसवर्ष सामाजिक सुरक्षा भत्ता बृद्धि गरेको छैनन् । वृद्धवृद्धाले पाउँदै आएको जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता ४ हजारलाई निरन्तरता दिएको छ।

६८ वर्षमा सामाजिक सुरक्षा भत्ता दिइँदै आएको थियो। आर्थिक वर्ष २०८०/०८१ को बजेट पेस गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले सामाजिक सुरक्षाका लागि १ खर्ब ५७ अर्ब ७३ करोड बिनियोजन गरेको जानकारी दिएएका छन्।

अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ बजेट सार्वजनिक गर्दै गत वर्षको भन्दा २३ अर्व बढी रकम यो शीर्षकमा छुट्ट्याएका छन्।

६० वर्ष पूरा भएका दलित, एकल महिला, विपन्न, सीमान्तकृत वर्ग र समुदाय तथा बालबालिकालाई दिँइदै आएको सामाजिक सुरक्षा भत्ताका लागि रकम विनियोजन गरिएको जनाएको छ।

छात्रवृति, स्वास्थ्योपचार, स्वास्थ्य बीमा लगायतका क्षेत्रमा प्रदान गरिएको सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिएको छ। चालू आवमा सामाजिक सुरक्षा र औषधि उपचार तथा आर्थिक सहायताका लागि १ खर्ब ३४ अर्ब १ करोड रुपैयाँ विनियोजन गरिएको थियो।

उक्त रकम पनि अपुग भएपछि सरकारले सेवा निवृत्त कर्मचारीको पेन्सन दिन अतिरिक्त स्रोत खोज्नुपरेको थियो।

**रेखदेखको ग्राहक बन्न**

समाचारको लागि:
९८४७८७६७१३
९८०९५९२६९८

विज्ञापनको लागि
९८५१२३६७१३
९८४७८७६७१३
९८०९५९२६९८

ग्राहक बन्न:
९८४७८७६७१३
९८०९५९२६९८

**खानेपानी, सिँचाई तथा उर्जा विकास कार्यालय रुकुम पश्चिम**

**जिल्ला खाने पानी तथा सरसफाई समन्वय समितिको जनहितमा जारी सन्देश**

- सफा राखौं घर आगन सुक्षित पानी निरोगी र स्वच्छ बन्छ हाम्रो जिन्दगानी ।
- फोहर पानीबाट लाग्ने झाडापखाला लगायतका रोगहरुबाट बच्न खानेपानी सरसफाई तथा स्वच्छतामा सजगता अपनाउँ ।
- खानेपानी शुद्धिकरणका विधी जस्तै उमालेर वा क्लोरिन हालेर मात्र पिउने गरौं ।
- खाना पकाउनु अघि, खाना खानु अघि, तथा खुवाउनु अघि, खाना खाएपछि दिशा धोएपछि सौचालय गएपछि फोहर वा अन्य चिज छोएपछि घरबाहिर गएर आएपछि अनिवार्य रुपमा साबुनपानीले मिची मिची हात धोएर सफा कपडाले पुछौं ।
- सौचालय नियमित रुपमा सफा गरौं ।
- सफा रहौं, स्वस्थ बनौं ।

खानेपानी, सिँचाई तथा उर्जा विकास कार्यालय रुकुम (पश्चिम)

**जनहितमा जारी सन्देश**

- खेती योग्य जमिनमा बस वास नगरं/नगराऔं।
- हरियाली बातावरण सहितको नमूना बस्तीको विकास गरौं।
- सिँचाई सुविधामा बाधा नपुग्ने गरी वस्ती वसालौं ।
- गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं।
- समृद्ध नेपालक निर्माण गरौं।
- मानो रोपी, मुरी फलाऔं।
- खेती योग्य जमिन बाँझ नछोडौं ।
- पसिना बगाऔं, समुन्नत बनौं।
- आफू र देशलाई परनिर्भताबाट बचाऔं।

जिल्ला कृषि विकास कार्यालय
रुकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

# रेखदेख

रुकुमको लोकप्रिय पत्रिका

२०८० जेठ २२ सोमबार । 5 June 2023 Monday

हामी जे देख्छौं, त्यही लेख्छौं

दृष्टिकोण




www.rekhadekh.com

'बाटो कहाँ जान्छ, त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

### सांसद विकास कोषको रकम खारेज गरौं

देश आर्थिक संकटमा परिरहेको छ । विगतका वर्षभन्दा बजेटको आकार घटिरहेको छ । उद्योगधन्दा कलकारखाना उधोगतिमा छन् । लगानीको वातावरण बन्न सकिरहेका छैनन् । यसै कारण हरेक वर्ष निजामती कर्मचारी, शिक्षक र सुरक्षाकर्मीहरु लगायतको वृद्धि हुने तलवमान यसवर्ष हुन सकेको छैनन् । बुढेसकालको सहारा बनेको जेष्ठ नागरिक लगायतका सामाजिक सुरक्षा भत्ता वृद्धि भएनन । सरकारलाई अर्थतन्त्र पुरानै लयमा फर्काउन निकै समस्या छ । तर पछिल्लो दुई आर्थिक वर्षदेखि खारेजीमा परेको पूर्वाधार विकास साझेदार कार्यक्रम संघीयताको मर्मविपरीत पुनः सुचारू गर्ने प्रयास गरिएको छ । सांसदहरूको तजबिजीमा कार्यक्रम हाल्ने र त्यस्तो कार्यक्रमको गुणस्तर प्रभावकारितामा निरन्तर प्रश्न उठिरहे पनि जनतासँग जोडिने कार्यक्रम भन्दै सरकारले सांसद विकास कोषलाई निरन्तरता दिएको छ । आर्थिक २०७८/०७९ मा तत्कालिन अर्थमन्त्री विष्णु पौडेलले यो कार्यक्रम हटाएका थिए । यसअघि पनि सांसद विकास कोषको रकम विनियोजित भएको थिएन् ।

संघीय सरकारको सांसद विकास कोषको रकम जस्तै प्रदेशमा पनि सांसदलाई पैसा बाँड्ने कार्यक्रमहरु आएका थिए । तर संघीय सरकारले हटाएपछि प्रदेश सरकारले पनि सांसदलाई बजेट बाँड्ने कार्यक्रम हटाउन थालेको थियो । तर यस वर्षको बजेट भाषणमा सांसद विकास कोषको लागि सांसदहरुलाई ५/५ लाख रुपैयाँ बाड्ने कार्यक्रमको चौतर्फी विरोध भएको छ । योजनाविनै नातागोता, आफन्त र कार्यकर्ताहरुलाई बाँड्ने बजेटको कुनै तुक नभएको तर्क समेत अघि बढ्न लागेको छ । अर्को कुरा देश संघीय संरचना अनुसार अघि बढेको अवस्थामा संघीयताको मर्म विपरित सांसदले गाउँ-गाउँमा बजेट बाँड्नु संघीय संरचनाको ठाँडो उलंघन समेत भएकाले सांसद विकास कोषको रकम खारेज गरौं । त्यो रकम देशको अर्थतन्त्र सुधार गर्ने कार्यक्रममा अगाडि बढाउन हाम्रो सुझाव छ ।


## रेखदेख

### पाठक वर्गमा अनुरोध

तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४८८६७१३, ९८५१२३६७१३ ईमेल : prabir.rukum@gmail.com वा rekhadekh@gmail.com मा पठाउनुहोला । सम्पादक


# कथा: विदेशी श्रीमानको पत्र !

प्रिय म प्रदेशमा छु । तिम्रो खुसी, आमाको च्यातिएको चोली, बालबच्चाको भविष्य, बुवा विरामी हुँदा काँडेर औषधी गर्दाको ऋण र चुहिने घरको छाना फेर्नुछ । बुवालाई हजार कोशिस गर्दापनि बचाउन सकिएनन, अहिले बुढी आमा र साना बच्चाबच्ची तिम्रो जिम्मा छोडेर विदेशी भुमीमा छु । बिदेश आउँदै गर्दा बुढी आमाको आँखामा टिल्पीलाएका आसु, डाँको छोडेर रोएकी तिमी र बच्चा-बच्चीको त्यो रुवाईले मन गाँठोपारेर रुदै निस्कीएको अहिले पनि सम्झीएको छु । अहिले पनि तिम्रो, आमा र बच्चा बच्चीको मायाले सताउँछ र रुन्छु पनि ।



## प्रविर ददेल

प्रिय म प्रदेशमा छु । तिम्रो खुसी, आमाको च्यातिएको चोली, बालबच्चाको भविष्य, बुवा विरामी हुँदा काँडेर औषधी गर्दाको ऋण र चुहिने घरको छाना फेर्नुछ । बुवालाई हजार कोशिस गर्दापनि बचाउन सकिएनन, अहिले बुढी आमा र साना बच्चाबच्ची तिम्रो जिम्मा छोडेर विदेशी भुमीमा छु ।

तिमीलाई थाहा छ नि ! म साँहुको ऋण र घरको समस्याको भारीले बस्न नसकेर बिदेशीएको हुँ । मलाई पनि बुढी आमा कलिला बालवालिका र मेरो प्रिय श्रीमती छोड्न मन थिएनन । बिदेश आउँदै गर्दा बुढी आमाको आँखामा टिल्पीलाएका आसु, डाँको छोडेर रोएकी तिमी र बच्चा-बच्चीको त्यो रुवाईले मन गाँठोपारेर रुदै निस्कीएको अहिले पनि सम्झीएको छु ।

अहिले पनि तिम्रो, आमा र बच्चा-बच्चीको मायाले सताउँछ र रुन्छु पनि । ७ दिदी बहिनी हुँदा पनि बुढेसकालको सहारा भन्दै (छोरा) म जन्मीदा खुसी भएकी आमा अहिले बुढेसकालमा एक्लै हुँदा के सोच्छिन होला ? कति पीडा होला हुन्छ होला ? जन्म घर, आमा बुवा र दाजुभाई छोडेर अग्नी साँक्षी राखेर सँगै जिउने सँगै मर्ने कसम खाएका तिमी र म एक्ला-एक्लै जिउनु बाध्य बनाउने प्रमुख सत्रु हाम्रो गरिबी हो ।

आमा र बुवाको काखमा लडीबुडी खेल्दै रमाउने छोरा छोरी मेरो साथमा छैनन् । तल्लाघरी माईला र माईलीका छोरा-छोरी सँगै टिकटक बनाएको सामाजिक सञ्जालमा देख्दा मेरा छोरा-छोरी सम्झीन्छु र आँखा रसाउछन् । तर के गर्नु बुढी आमा, प्यारी श्रीमती र छोरा-छोरीसँग बस्न साँहु ऋणले दिएन । मुनामदनमा लक्ष्मीप्रसाद देवकोटाले साँग र सिस्नो खाएर गाउँमै बस्नुपर्छ भनेका छन् । मपनि विदेश जादैन गाउँमै बस्ने निधो गरेको थिए । तर अँह ! विदेश आउन बाध्यता आईलाग्यो । अहिले म खाडीको मुलुकमा ४० डिग्री भन्दा वढी तामक्रममा दिनरात नभनि काम गरिरहेको छु, तर सोचेजस्तो काम र दाम कमाउन सकेको छैनन् ।

तिमीलाई थाहा छैनन्, म घरको अवस्थामा फेर्न कति कडा काम गर्नुपर्दछ भन्ने । सुन न सानु यहाँ सँगै काम गरिरहेका साथीहरु समयमा खान, सुत्न र आराम गर्न नपाउँदा काम गर्ने ठाउँमै बेहोस हुने र कतिको ज्यान समेत गईरहेको छ । अर्को कुरा राती सुतेका पनि बिहान जिबीत हुने सम्भावना निकै कम छ यहाँ । अस्ती मात्रै मसँगै सुतेको पुर्वी नेपालका एकजना साथी राती सुतेको सुत्यै भए । अहिले मलाई पनि डर लागि रहेको छ । साहेद मलाई पनि त्यस्तै भयो भने तिम्रो हालत कस्तो हुन्छ होला ? बुढी आमाको सपना र बच्चा बच्चीको भविष्यबारे कस्तो होला भनि सोच्छु र कुलदेवता पुकारदैं बसेको छु ।

कुलदेवताले रक्षा गरेर र बुढी आमाको आर्शिवाद तिम्रो र छोरा-छोरीको मायाले धन्न बाँचेको त छु । तर यो प्रदेशको ठाउँमा पटक-पटक मरेर बाँचेको छु । विरामी हुँदा सम्म पानी दिने कोही छैनन् । ज्यानले नसक्दा पनि काम नगरे खान पाईदैन ? यताको साहुँको काममा पेलाई, कचकचले काम छोडेर घर आउ-आउ जस्तो लाग्छ । तर घरमा पनि त साँहुको बचन र ऋणले बस्न नदिएर प्रदेशी भएको हुँ । यहाँ कम्पनी पनि राम्रो छैनन् । विदेश पठाउने दलालीले राम्रो काम छ भनी पठायो । म पनि त राम्रो काम गरेर पैसा कमाउने आशमा विदेशीको हुँ । अहिले कम्पनी राम्रो चलेको छैनन् । काम गरेको पैसा पनि समयमा दिदैन ।

विदेश आएको झण्डै तिन वर्ष पुग्न थाल्यो । साँहुको ऋण, आमाको च्यातिएको चोली र बच्चा बच्चीको भविष्य र तिम्रो खुसी बनाउनुको साथै घरको छाना फर्ने भनि साँहुको ऋण काँडेर विदशीएको भुलेको छैनन् । घरमा पहिलेको ऋण तिरेर घर व्यवस्था फेरौला भनेको विदेश आउँदाको ऋण समेत तिर्न सकेको छैन् । दिनमा झण्डै १८ घण्टा काम गर्दा सम्म पनि मासिक २०/३० हजार रुपैयाँ पनि कमाई हुँदैन । उ बेला विदेश पठाउने दलालीले मासिक ८० हजार रुपैयाँ कमाई हुन्छ भनेर पठायो । तर, अहिले पनि घरमा साँहु आएर तनाव बनाउँछ भन्छेउ । कहिले कसो मलाई पनि साँहुले फोन गर्छन् । मैले बुझेको छु गरिबलाई साँहुले गर्ने हेँपाह प्रवृति । मैले पनि त यहाँ भनेको जस्तो पैसा भएको भए साहुँको बचन सहन कहाँ रहर थियो । पहिले-पहिले कम्पनी राम्रो चल्दा र पैसा पठाएकै थिए । तर अहिले कम्पनी चलेको छैनन् मैले के गरुऔं सानु । अहिले तिमी पनि पैसा-पैसा भन्दै झर्केने र रिसाउछेउ । मैले गरेको फोन उठाउदिनौं । बालबच्चा र बुढी आमा सँग मेरो कुरै गराउदिनौं । अस्ती डाडाँघर साईलाले फोन गरेर भाउजुको चाल ठिक छैन भन्दैथियो । तर मलाई तिम्रो विश्वास छ । मलाई तिमीप्रति कुनै शंका छैनन् । तिमीले साना छोरा-छोरी र वुढी आमाको पालन पोषणको जिम्मा लिएकी छेउ । अनि उनीहरुको भविष्य तिम्रो र मेरो काँधमा छ । यसलाई सार्थकता बनाउन तिमीले घरमा दुःख गरिरहेकी छेउ, मैले प्रदेशमा । तिमी त संस्कारी र समाज पनि बुझेकी छेउ नी ! गाउँमा मान्छेहरु नानाथरी कुरा काट्दै हिड्छन् त्यसको प्रवाह गर्नु हुँदैन ।

तर केही विदेशीको श्रीमतीले वालबच्चा विच्चली पारेर अर्कैसँग विहे गरेको समाचार बेला-बेला सुनिन्छन । अस्ती मात्रै हामीसँगै काम गर्ने पश्चिम नेपाल कैलालीका एक जना साथीको श्रीमती श्रीमानले कमाएको पैसा समेत लिएर भागेको खबर सुनेपछि हामी सबैलाई दुःख लाग्यो । मेरो मन भत्भती पोलेको छ । यसले तिमी जस्तो संस्कारी नारीमाथि समेत शंका वढाएको छ । त्यसैले सानु काम विनै शहर बजार नछिर्नु । साथसंगत पनि संस्कारी नारीसँग गर्नु, गिद्देनजर लगाउने परपुरुषसँग सचेत हुनु । अर्काको घर विगारेर रमाउनेहरु धेरै हुन्छन् । बालबच्चा बुढी आमा र तिम्रो स्वास्थ्यको बारेमा धेरै ख्याल गर्नु । मपनि यहाँ दुःख सुख गरेर, घरको समस्या बुझेर काममै व्यस्तको व्यस्तै छु । अहिले जति दुःख भोगेपनि एकदिन कसो लक्ष्मी दाहिने नहोलान र ? त्यसबेला साँहु ऋण तिरौला, नयाँ घर बनाउला, छोरा-छोरीको इच्छा अनुसारको शिक्षा दिक्षा दिउँला अनि हामी पनि त रमाउला नी ! ***तिमीलाई माया गर्ने प्रदेशी श्रीमान । यो काल्पनीक कथा हो । कसैको जीवनसँग मेल खान गएमा संयोग मात्रै हुनेछ ।***


## डिभिजन वन कार्यालय रुकुम पश्चिमको अनुरोध

**के तपाईलाई वन डढेलोबाट हुने क्षतीको बारेमा थाहा छ ?**

- वन जंगल हाम्रो सम्पदा हो । यसको संरक्षण गर्नु हामी सबैको परम कर्तव्य हो ।
- गर्मी तथा सुख्खायाममा वन जंगलमा डढेलो लाग्न नदिन हामी सबै सचेत हौं । त्यसैले खेतबारी तथा खरबारी सफा गर्न आगो नियन्त्रण गर्न आगो नियन्त्रित तवरले लागौं ।
- वनमा वनभोज खाँदा आगो पूर्ण रुपमा निभाएर मात्र घर फर्कियौं ।
- चुरोट विडीका ठुटा तथा सलाईका काँटी वन क्षेत्रमा जथाभावी नफालौं ।
- वन गोल पोल्दा, मह काँट्दा आगो निभाएर छोडौं ।
- राँको बाली बनको बाटो नहिडौं ।
- अग्नीरेखा तथा वन पद सफा राखौं ।
- वन जंगलमा डढेलो लागेको देखेमा तुरुन्तै हामी सबै मिलेर निभाऔं ।
- वनमा आगो नगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा वन ऐन २०७६ वमोजिम क्षती भएको विगो अशुल गरी ३ वर्षसम्म कैद तथा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको हुँदा कोही कसैले वनमा डढेलो नलगाऔं ।
- अवैध तरिकाले वन क्षेत्रमा अतिक्रमण, आगलागी तथा वन पैदावार चोरी निकासी, भएको जानकारी समयमै डिभिजन वन कार्यालय, सव डिभिजन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका सरोकारवाला निकायलाई सुचित गराऔं ।
- विगतका अतिक्रमित वन क्षेत्र पहिचान तथा एकीन गरी तत्काल सो क्षेत्र खाली गर्न लगाई पुर्नस्थापना गर्न सघाऔं ।
- वन क्षेत्र अतिक्रमण गर्नु हुँदैन भन्ने चेतनाको विकास गरौं ।
- वन क्षेत्रमा हुन सक्ने अतिक्रमणलाई समयमै रोकथाम गरौं र गर्न सहयोग गरौं ।
- नेपाल सरकार मन्त्री परिषद्को निर्णय विना राष्ट्रिय वन क्षेत्रको भुउपयोग परिवर्तन गर्न राष्ट्रिय वनको भोगअधिकार कसैलाई उपलब्ध गराउन धितो बन्दीक, सट्टापट्टा वा अन्य किसीमले हक हस्तान्तरण गर्न सकिने छैन् ।

आफू बाँच्न प्रकृति बचाऔं
डिभिजन वन कार्यालय रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल फोन : ०८८-५३०३४९

रेखदेख
रूकुमको लोकप्रिय पत्रिका
२०८० जेठ २२ सोमबार । 5 June 2023 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार
३
www.rekhadekh.com


## नेपालको संविधानमा दलितको अधिकार

नेपालको संविधानमा दलितको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ ।

सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने ।सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- कुनै व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न नपाइने ।
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने ।
- सबै प्रकारका छुवाछूत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने ।
- दलितले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने ।
- दलित समुदायलेआफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न पाउने ।
- सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने ।
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने ।
- प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने ।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने ।
- दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराईने ।
- भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराईनेर आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने ।
- दलित समुदायलाई प्राप्त सुविधा दलित महिला, पुरुष र सबै समुदायका दलितले समानुपातिक रूपमा पाउने गरी न्यायोचित वितरण गरिने ।
- सामाजिक रूपले पछाडि परेका महिला, दलित समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागि हुन पाउने सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म,प्रथा,परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित निर्वाचित गर्नु पर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य रहने ।
- नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य रहने ।
- राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रुपमा रहने र सोको अध्यक्ष र सदस्यहरु दलित मात्र रहने ।

पुथा उत्तरगंगा गाउँपालिकाको कार्यालय रुकुम (पूर्व)

# शिक्षक लाइसेन्सको परीक्षामा सबै सहभागी हुन पाउने



■ रेखदेख संवाददाता

**रूकुम**

शिक्षक लाइसेन्सको परीक्षामा जुनसुकै विषय पढेका व्यक्तिहरुले पनि सहभागी हुन पाउने भएका छन् । यसअघि शिक्षा विषय पढेकाहरुले मात्र शिक्षक लाइन्सेन्सको परीक्षा लिन पाउँथे । आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत् सरकार ले सबैलाई शिक्षक लाइसेन्सको परीक्षामा सहभागी हुने बाटो खोल्ने घोषणा गरेको छ। बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले भने, 'अध्यापन अनुमति पत्रको परीक्षामा सबै विषय अध्ययन गर्नेव्यक्ति सम्मिलित हुन पाउने कानुनी व्यवस्था मिलाइने छ।' अर्थमन्त्री डा. महतले आधारभूत तहका शैक्षिक योग्यता शिक्षकलाई माथिल्लो तहको रिक्त दरबन्दीमा समायोजन तथा स्तरोन्नती गरिने समेत बताए। साथै सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहको कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था गरिने छ । यसैगरी खुला प्रतिस्पर्धाबाट प्रधानान्याधापक छनोट गर्न स्थानीय तहलाई प्रोत्साहित गर्ने सरकारले जनाएको छ। शिक्षाको गुणस्तरका लागि विद्यालय स्रोत केन्द्रलाई नयाँ स्वरुपमा पुनर्स्थापना गरी शिक्षण अवलोकन, नमूना शिक्षण, पुनर्ताजगी लगायतका कार्यक्रम सन्चालन गरिने छ । शैक्षिक सत्र सुरु हुनु अगावै सामुदायिक विद्यालयहरुका सबै विद्यार्थीको हातमा निःशुल्क पाठ्यपुस्तक र विद्यालयमा पाठ्यपुस्तक तथा पाठ्यक्रमको विद्युतीयप्रति पनि उपलब्ध गराइने छ। यस कार्यक्रमको लागि रु तीन अर्ब ५८ करोड बजेट छुट्याइएको अर्थमन्त्री महतले जानकारी दिए।

हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटिङ्ग कार्ड, विबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

**हिमाली छापाखाना एण्ड स्टेशनरी पसल**
मुसीकोट नपा. -१, तल्लो बजार रुकुम (पश्चिम)
**फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१**

## रेखदेख साप्ताहिक राशिफल

२२-२८ बैशाख २०८०
5-11 June 2023

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**




**मेष** : यो साता कीर्तिमानी काम गर्ने समय छ । नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ। शुभकार्यको चर्चा चल्नेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । विहिवारबाट बोलीको विपरीत अर्थ लाग्न सक्छ। नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्नेछ ।




**वृष** : यो हप्ता प्रेमीको सहयोग प्राप्त हुनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ । अभिभावकको सुझावले उचाइमा पुर्याउन सहयोग गर्नेछ। शुभ कार्यमा सरिक भइनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। शेयर बजारले पनि साथ दिनेछ ।




**मिथुन** : यो हप्ता महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ । मध्य साताबाट शुभ कार्यको योग छ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्नेछ । दैनिक कार्यमा प्रगति हुनेछ । भौतिक सुख पनि मिल्नेछ ।




**कर्कट** : यो साता धार्मिक र सेवा भाव बढ्ने योग छ। लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। रोकिएको धन पाइन सक्छ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। मध्य सातामा स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ।




**सिंह** : यो साता मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । दाजुभाइ तथा साझेदारहरू सँग मिलेर गरिने पेशा व्यवसायबाट भनेजस्तो रुपैयाँ पैसा कमाउन सकिएला। पढाई लेखाइमा उत्कृष्ट नतिजा ल्याउन सकिने तथा न्यायिक निर्णयहरू तपाईंकै पक्षमा हुनेछन्।




**कन्या** : यो साता शुभ समाचार सुन्न पाइएला। शैक्षिक क्षेत्रमा प्रगति नै होला। प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ। दिगो फाइदा हुने नयाँ काम प्रारम्भ गर्न सकिनेछ। चलाखी पूर्ण बोलीले काम बन्न सक्छ। सामाजिक र राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ।




**तुला** : साताको सुरुका दिनमा नगद सापटी लिएका आफन्तहरूले वचन पूरा नगर्दा आर्थिक झन्झट आइलाग्न सक्छ। स्वास्थ्यको क्षेत्रमा पनि प्रतिकूल हुने देखिन्छ। मध्य साताबाट गरेको कार्यमा सफलता पाइएला । लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन्।




**वृश्चिक** : यो हप्तामा दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ। परिवारमा सुख सन्तोष छाउनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ । शेयर बजारको लगानी बाट दीर्घकालीन फाइदा हुनेछ । मध्य सातामा केही महत्त्वपूर्ण कार्यमा उल्झन र स्वास्थ्यमा समस्या आउन सक्छ ।




**धनु** : यो साता लाभहानी, सुखदुःख बराबरी मध्यम खालको दिन रहनेछ। ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ। मङ्गलबारबाट स्वास्थ्यमा सुधार आउनेछ। शुभ समाचार सुन्न पाइने र शुभकार्यको चर्चा चल्नेछ । प्राविधिक कार्यमा सफलता मिल्नेछ । पुँजी बजारको लगानी भने त्यति लाभदायक नहोला।




**मकर** : यो साता धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्राविधिक कार्यबाट सफलता मिल्नेछ । नयाँ वस्त्र या उपहार पाइनेछ । रमणीय र सुखद् यात्राको योग छ । आर्थिक तथा सेयर कारोबारमा पनि राम्रै लाभ हुनेछ, तर निर्णायक क्षमतामा कमी आउनेछ ।




**कुम्भ** : यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको दिन र हनेछन्। धैर्य गरी मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ। साताको मध्यमा जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। पुँजी बजारमा नोक्सानी हुनसक्छ। महत्त्वपूर्ण कार्यमा व्यवधान आउने पनि देखिन्छ ।





**मीन** : यो साता शुभ कार्यको चर्चा चल्नाले मनमा शान्ति छाउनेछ। पारिवारिक माहोल तथा माङ्गलिक कार्यमा सहभागि भइनेछ। अतिथिको रूपमा सत्कार पनि पाइनेछ । शेयर बजारको लगानीबाट भने राम्रै लाभ हुनेछ। साताको अन्त्यमा अनावश्यक यात्रा हुनेछ। गरेका कार्यमा ढिलासुस्ती हुने देखिन्छ।

हामी जे देख्छौं, त्यही लेख्छौं
रेखदेख
www.rekhadekh.com
२०८० जेठ २२ सोमबार ।
5 June 2023 Monday
अन्तिम पाना
जि.प्र.का.रूकुम द.नं. ६/२०७१/२०७२
रुकुम जि.हु.द.नं. ११/२०७१/२०७२


# एक महिनादेखि सेक्युरिटी गार्डको काम गर्दै रोबोट, मानिसको रोजगारी संकटमा

अहिलेसम्म रोबोटले होटल तथा रेष्टुरेन्टमा वेटरको काम गरेका वा एयरपोर्टमा आगन्तुकको स्वागत गरेका समाचार हामीले पढेका थियौं। तर अब रोबोटले सेक्युरिटी गार्डको काम पनि गर्न थालेको छ।डेली स्टारको रिपोर्ट अनुसार यो रोबोटलाई मानिसजस्तै बनाउने कोसिस भएको छ।



वैज्ञानिकहरुका अनुसार रोबोटले मानिसका अधिकांश काम आफैंले गर्ने र मान्छेका रोजगारी खोस्ने दिन अब खासै टाढा छैन । आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिमा भैरहेको लगातारको विकासले यो खतरालाई झनै बढाइदिएको छ । अहिलेसम्म रोबोटले होटल तथा रेष्टुरेन्टमा वेटरको काम गरेका वा एयर पोर्टमा आगन्तुकको स्वागत गरेका समाचार हामीले पढेका थियौं। तर अब रोबोटले सेक्युरिटी गार्डको काम पनि गर्न थालेको छ। डेली स्टारको रिपोर्ट अनुसार यो रोबोटलाई मानिसजस्तै बनाउने कोसिस भएको छ । 1X नामक कम्पनीले उक्त रोबोट तयार गरेको हो। यसको नाम Humanoid EVE च्य(दयत हो। यसले आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट काम गर्दछ। हाल यसलाई सेक्युरिटी गार्डको रुपमा ड्युटीमा खटाइएको छ। यसले गत अप्रिल महिनाको सुरुदेखि ने काम गर्न थालेको हो। कम्पनीका अनुसार यो रोबोटमा मानिसकै जस्तै हात तथा अनुहार छ। यसले आफ्नो हातले सामान उठाउन तथा ढोका खोल्न सक्दछ। यसलाई नर्वे तथा डलासमा औद्योगिक क्षेत्रमा बनाइने एन्ड्रोइडको निगरानीका लागि खटाइएको छ। एन्ड्रोइड अनियन्त्रित भएको अवस्थामा रोबोटले भर्चुअल रियालिटीको माध्यमबाट त्यसलाई सम्हाल्छ। यसका लागि रोबोटले क्यामरा सिस्टमसँगै अलार्म सेन्सर पनि प्रयोग गर्दछ जसबाट उसले आफूलाई सुम्पिएको निगरानीको काम राम्रोसँग गरिरहेको सुनिश्चित गर्न सकियोस्। यो रोबोटले मानिसले जस्तै काम गरेको देख्दा यसलाई स्वास्थ्य तथा हस्पिटालिटी लगायत विभिन्न क्षेत्रमा पनि प्रयोग गर्न सकिने आकलन गरिएको छ। डेलिमेलको रिपोर्ट अनुसार रोबोट निर्माता कम्पनीका सीईओ तथा संस्थापक बर्न्ट बोरनिचलले भेनका छन्- हामीसँग एउटा ठूलो सोच छ। हामी श्रमशक्तिको अभावको समस्या समाधान गर्न चाहन्छौं। यो कसरी गर्ने भन्ने हामीसँग प्रष्ट अवधारणा छ। तर हामीलाई निकै धेरै डाटाको आवश्यकता छ। मलाई लाग्छ कि हामीसँगै पूर्णरुपमा फरक समाज हुनेछ जहाँ हामीले श्रमिकको अभावको बारेमा सोच्नुपर्ने छैन। *एजेन्सी*


## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

**नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने।
- सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने।
- सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने।

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

चौरजहारी नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम)

## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम पश्चिम**

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको विगौती दुध खुवाउऔं।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं।
- बच्चालाई कुपोषणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं।

जिल्ला स्वास्थ्य कार्यालय
रुकुम (पश्चिम)

## खोजी खोजी पढौं रुकुमको
## लोकप्रिय पत्रिका रेखदेख राष्ट्रिय साप्ताहिक

## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसीकोट नगरपालिका- १, मिडियाचोक रुकुम (पश्चिम) फोन नं : ९८४७८७६७१३ इमेल : rekhadekh@gmail.com, prabir.rukum@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम